"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार व्यापार सुन्दर, समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका

## Gaur Municipality

## नगर कार्यपालिकाको कार्यालय

## Office of the Municipal Executive

(आन्तरिक प्रशासन शाखा)

गौर,रौतहट
Gaur,Rautahat
मधेश प्रदेश, नेपाल
Madhesh Province,Nepal

पत्र संख्या/Ref.No.: २०८०/०८१
चलानी न/Dispatch No.

मिति/Date: २०८०/०६/०७

सूचना ! सूचना !! सूचना !!!

विषयः राष्ट्रिय परिचय पत्रको विवरण दर्ता गराउनु हुन सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन, २०७६ अनुसार प्रत्येक नेपाली नागरिकले राष्ट्रिय परिचय पत्र प्राप्त गर्नु पर्ने, सो परिचय पत्र सबै प्रकारको सरकारी कारोवारमा पेश गर्नु पर्ने व्यवस्था निकट भविष्यमा हुने भएको कारण यस कार्यालयको प्राविधिक सहयोगमा निःशुल्क विद्युतिय प्रणालीमा आवदेन दर्ता (Online Registration) कार्य जारी रहेको क्रममा नागरिकले राष्ट्रिय परिचय पत्रको आवश्यकता एवं महत्व नबुझ्दा लाभग्राही (सेवाग्राही) को उपस्थिति न्यून हुंदै गएकोले सो कार्यको लागि राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट खटिई आएको प्राविधिक कर्मचारी फिर्ता गर्नु पर्ने स्थिति उत्पन्न भएकोले नेपाली नागरिक्ता प्रमाणपत्र प्राप्त गरी सकेका सबै नगरवासीले राष्ट्रिय परिचय पत्रको लागि विवरण दर्ता गराउनु हुन अनुरोध गरिन्छ ।

साथै आगामी दिनमा बैंकमा खाता खोल्न, सामाजिक सुरक्षा भता प्राप्त गर्न, स्थायी लेखा नम्बर प्राप्त गर्न, विद्युत तथा खानेपानी सुविधा प्राप्त गर्न, सिमकार्ड लगायतको सरकारी सेवा सुविधा लिन राष्ट्रिय परिचय पत्र अनिवार्य गरिने भएकोले प्राविधिक कर्मचारी फिर्ता गएको खण्डमा नागरिकले शुल्क तिरी निजी खर्चमा विद्युतिय प्रणालीमा आवेदन दर्ता गरी जिल्ला भरीका नागरिकले जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयमा लाइनमा बसी पालो पर्खी उक्त कार्य सम्पन्न गर्न अत्याधिक समय खर्चिन पर्ने भएकोले विवरण दर्ता गराउन बाँकी रहेका सबै नगरवासीले यस कार्यालयमा स्वयं उपस्थित् भई राष्ट्रिय परिचय पत्रको विवरण दर्ता गराई लाभ उठाउन हुन अनुरोध छ ।

२०८०/०६/06

(सुभाष कुमार ठाकुर)
नि. प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :-०५५-५२०२९४ (नगरप्रमुख), ५२०८९३ (उप-प्रमुख), ५२०८९४ (आर्थिकप्रशासनशाखा), ५२०३२४ (वारुणयन्त्र), ५२१६३४ (प्रशासन शाखा)
१६६०५५५२००२ (टोलफ्रीनं), EXT.१०३- प्रमुख प्रशासकीय अधिकृत, आन्तरिक प्रशासन शाखा admin.section@gaurmun.gov.np,
कार्यालयको वेबसाईट www.gaurmun.gov.np, कार्यालयको ईमेल Email :- gaurnapa@gmail.com,

Scanned with CamScanner